# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामतडी-७,मुग
## कर्णाली प्रदेश,नेपाल

खत्याड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रामतडी, मुगु कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः२०८२।०८३
चलानी नं

मितिः२०८२।१०।०६
ने.सं.११४६ सिल्लाथ्व,द्वितिया

---

## सूचना ! सूचना !! सूचना !!!
## (प्रथम पटक प्रकाशित मितिः २०८२/१०/०६)

यस खत्याड गाउँपालिकामा भैसीपालन गर्दै आउनु भएका भैसीपालक कृषकहरूको भैसीहरूमा नश्लमा सुधार गरि दुध तथा मासु उत्पादनमा वृद्धि गरि कृषकहरूको आर्थिकस्तरमा थप सुधार पुर्याउने उद्देश्य अनुरुप यस कार्यलयको आ.व.२०८२/०८३ को वित्तिय समानिकरण अन्तर्गत गाउँपालिकाबाट ८० प्रतिशत अनुदानमा **"भैसीको पकेट क्षेत्र प्रर्वद्धन कार्यक्रम"** अन्तर्गत भैसीको राँगो (भाले प्रजाति) वितरण गर्ने भएको हुँदा इच्छुक कृषक/निजि फर्म/कृषक समूह/सहकारी बाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध) दिन (२०८२।१०।२०) सम्म आवश्यक कागजात संलग्न राखी आवेदन पेश गर्न हुन जानकारी गराइन्छ।म्याद नागी वा रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन।प्रस्तावहरुको मुल्यांकन तथा छनौट सम्बन्धि कार्य **"भैसी पकेट क्षेत्र प्रर्वद्धन कार्यक्रम संचालन कार्यविधि ,२०८२"** अनुसार गरिनेछ।

**आवश्यक कागजात**

१) सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको सिफारिस पत्र ।
२) व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
३) निजि फर्म /कृषक समुह /सहकारी संस्था दर्ताको प्रमाण-पत्रको प्रतिलिपि ।
४) स्थायी लेखा नम्बर तथा आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
५) कुल बजेटको २०% रकम बेहोर्ने गरि गरेको प्रतिर्वद्धता पत्र पेश गर्नुपर्नेछ ।

.................................
विजय ओली
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

नोटः थप जानकारीको लागि मोबाइल नम्बरः ९८६८३००८५४ , ९८६५६१७०५२ मा सम्पर्क गर्न सकिने छ

खत्याड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामतडी-७,मुगु
कर्णाली प्रदेश,नेपाल

पत्र संख्याः२०८२।०८३
चलानी नं

मितिः२०८२।१०।०६
ने.सं.११४६ सिल्लाथ्व,द्धितिया

अनुसुचि- १
(दफा ७ ख संग सम्बन्धित)
(अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदनको ढाँचा)

श्रीमान् पशु शाखा प्रमुख ज्यू
खत्याड गाउँपालिकाको कार्यालय
रामतडी, मुगु

मितिः

**विषयः भैसी पकेट क्षेत्र प्रर्वद्धन कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।**

प्रस्तुत विषयमा यस खत्याड गाउँपालिका,पशु शाखाबाट मिति ..............................मा प्रकाशित सुचना अनुसार ...................... शिर्षकको वितरण कार्यक्रममा सहभागि हुन तपशिलका कागजात संलग्न गरि आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरू:

१) नेपाली नागरिकताको प्रतिलिपि ।
२) सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको सिफारिस पत्र ।
३) नविकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि एक प्रती ।
४) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी एक प्रती ।
५) समुह वा संस्थाको हकमा कार्यसमितिको वैठकको अनुदान माग गर्ने निर्णयको प्रतिलिपि ।
६) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिमा कम्तिमा ५ वर्षका लागी भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि ।
७) कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पति कर तथा भुमिकर तिरेको रसिदको प्रतिलिपि ।
८) सम्बन्धित विषयमा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।